# गर्भान्तरको लागि परिवार नियोजनका साधनहरू

## खोप लगाउनु भनेको के हो ?

खोप लगाउनु भनेको रोग लाग्नबाट बचाउन पहिला नै औषधि दिनु हो । कुनै खोप १ मात्रा दिइन्छ भने कुनै खोप ३ मात्रासम्म दिइन्छ । बच्चालाई खोप लगाउनाले उसलाई ७ प्रकारका संक्रामक रोगहरु लाग्नबाट बचाउन सकिन्छ । ती रोगहरु हुन्: बाल्यकालमा हुने क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धुनष्टंकार, पोलियो, दादुरा र हेपाटाइटिस-बी ।

## के खोप लगाउनु जरूरी छ ?

हो, यो निश्चित नै जरुरी छ । खोप लगाएर बच्चालाई ७ किसिमका रोगहरुबाट बचाउन सकिन्छ । बि.सि.जी. खोपले बच्चालाई बाल्यकालमा हुने क्षयरोगबाट बचाउँछ । डि.पि.टी.-हेपबी खोपले बच्चालाई भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार र हेपाटाइटिस-बी ४ किसिमका रोगहरु हुनबाट बचाउँछ । पोलियो थोपाले बच्चालाई पोलियो हुनबट बचाउँछ । दादुराविरुद्धको खोपले बच्चालाई दादुरा रोग लाग्नबाट बचाउँछ । बच्चालाई जन्मिएको १ बर्ष पुग्नुअघि नै पूरा मात्रामा खोप लगाइदिएमा यी सबै रोगहरु लाग्नबाट बचाउन सकिन्छ । तसर्थ छोरा तथा छोरी दुवैलाई यी रोगविरुद्धको खोप समयमै दिनुपर्दछ ।

## बच्चालाई खोप नदिएमा के हुन्छ ?

समयमै खोपहरु नलगाएको खण्डमा बच्चालाई माथि उल्लेख गरिएको ७ किसिमका रोगहरु लाग्न सक्ने धेरै सम्भावना हुन्छ । यी रोग लागेमा बच्चाको ज्यानसमेत जानसक्छ वा अपांग हुने सम्भावना रहन्छ ।

## बच्चालाई कुन कुन खोपहरु कहिले लगाउनु पर्छ ?

बच्चालाई बि.सि.जी. खोप जन्मने बित्तिकै वा सकेसम्म छिटो १ वर्षभित्रमा स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य संस्थासँगको पहिलो भेटमा दिनुपर्दछ । डि.पि.टि., पोलियो र हेपाटाइटिस-बी का खोप डेढ महिना (६ हप्ता ) भएपछि ४/४ हप्ताको अन्तरालमा ३ पटक दिनुपर्दछ । यी खोपहरुको पहिलो मात्रा बच्चा ६ हप्ताको हुँदा, दोस्रो मात्रा १० हप्ताको हुँदा र तेस्रो मात्रा १४ हप्ताको हुँदा लगाउनु पर्दछ । बच्चा नौ महिना पूरा भएपछि दादुराको खोप लगाउनु पर्छ ।

## के बच्चालाई पूरा खोप दिनु आवश्यक छ ?

हो, बच्चाहरुलाई सबै किसिमका खोपहरुको पूरा मात्रा लगाउनु एकदमै आवश्यक छ । बच्चालाई सबै खोपहरु पूरा मात्रामा नलाएमा उसको शरीरमा विभिन्न किसिमका रोगहरुसँग लड्ने क्षमता हुँदैन । यस्ता किसिमका रोगहरु बच्चालाई लागेमा उपचार गर्न बढी खर्च लाग्नसक्छ वा मृत्युपनि हुनसक्छ । त्यसैले रोग लाग्न नदिन र मृत्यु हुने जोखिमबाट बचाउन समयमै बच्चालाई पूरा खोप दिनु नै बुद्धिमानी हुन्छ ।

## बच्चालाई तोकिएको समयअनुसार खोप लगाउन बिर्सियो भने के हुन्छ ?

बच्चालाई तोकिएको मितिमा खोप लगाउनु ज्यादै महत्वपूर्ण छ । तोकिएको समयमा खोप लगाउन बिर्सियो भने अर्कोपटक खोप दिन लगाउनुपर्दछ अनि पछिको तालिकाअनुसार खोप लगाउँदै जानुपर्छ । यसरी एउटा छुट्दैमा बच्चालाई फेरि सुरुदेखि नै खोप दिइरहनु पर्दैन । तर, तीनपटक लगाउने खोप, जस्तै डि.पि.टी., पोलिया र हेपाटाइटिस-बी खोपको मात्र ४/४ हप्ताको अन्तराल अघि लगाउनु हुँदैन ।

## के सबै बच्चालाई खोप लगाउनु जरूरी छ ?

हो, जरुरी छ । किनकि खोप नलगाएको बच्चाले अरु बच्चाहरुलाई रोग सार्न सक्दछ । बच्चालाई पूरा मात्रामा खोप दिनुपर्दछ । छिमेकी, साथीभाइ तथा नातेदारहरुले पनि आफ्नो बच्चालाई पूरा मात्रामा खोप दिएका छैनन् भने पनि उनीहरुलाई खोप लगाउन प्रेरित गर्नु पर्छ ।

## ज्वरो आएको वा सामान्य बिरामी भएको समयमा बच्चालाई खोप लगाउनु हुन्छ कि हुँदैन ?

अवश्य पनि हुन्छ । बच्चालाई ज्वरो, सामान्य रुघाखोकी, झाडापखाला वा अन्य कुनै किसिमको रोग लागेर बिरामी भए तापनि उसलाई तालिकाअनुसार खोप लगाउनुहुन्छ ।

## कुपोषण भएको वा अपांग बच्चालाई खोप लगाउनु हुन्छ ?

खोप सबै बच्चाहरुलाई दिनुपर्छ, चाहे ती कुपोषण भएका अपांग बच्चाहरु हुन् । वास्तवमा भन्ने हो भने कुपोषित बच्चाहरुलाई खोप लगाउनु त झनै महत्वपूर्ण छ । यस्ता बच्चाहरुलाई अरु बच्चाहरुलाई भन्दा बढी रोगहरुले सताउन सक्दछन् । तसर्थ, उनीहरुलाई यस्ता रोगहरुको विरुद्ध खोप लगाउनु ज्यादै आवश्यक छ । जन्मदै अपांग भएको वा अरु किसिमका रोगबा पीडित बच्चालाई पनि खोप दिनुपर्दछ ।

## पोलियो थोपा खुवाउनु ठीक अघि वा खुवाएको लगत्तै बच्चालाई आमाको दूध खुवाउन सकिन्छ ?

अवश्य पनि सकिन्छ । पोलियो थोपा खुवाउनु ठीक अघि या यो खोप खुवाएको लगत्तै पछि आमाको दूध खुवाउँदा बच्चालाई कुनै बिगार गर्दैन ।

## बच्चालाई खोप लगाएपछि ज्वरो आयो वा काखी/घाँटीमा गिर्खा बढ्यो वा सुई दिएको ठाउँमा पाक्यो भने के गर्ने ?

खोप लगाइसकेपछि बच्चालाई हल्का ज्वरो आउन सक्छ र सुई लगाएको ठाउँमा अलिअलि दुख्न पनि सक्छ । यो सामान्य कुरा हो तर खोप लगाएपछि बच्चालाई धेरै ज्वरो आयो वा सुई लगाएको ठाउँमा पाक्यो भने उसलाई तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसँग जँचाउ लैजानुपर्दछ ।

## बच्चालाई खोप लगाउँदा पैसा लाग्छ ?

बच्चाहरुलाई दिइने सबै प्रकारका खोपहरु स्वास्थ्य संस्थामा नि:शुल्क पाइन्छ, पैसा तिर्नु पर्दैन । श्री ५ को सरकारका स्वास्थ्य निकायहरु जस्तै: अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी वा खोप केन्द्रहरुबाट नि:शुल्क खोप दिइन्छ । खोप, खोप कार्ड तथा स्वास्थ्यकर्मीले खोप लगाइदिएको सेवाका लागि केही पनि दिनुपर्दैन ।

## अरु कुनै नयाँ खोपहरुका बारेमा पनि केही जान्नुपर्ने कुरा छ कि ?

हाल बच्चाहरुलाई हेपाटाइटिस-बी को खोप पनि दिन सुरु गरेको छ । जिल्लामा यो खोप उपलब्ध भएपछि बच्चालाई ३ मात्रा हेपाटाइटिस-बी खोप लगाउनुपर्छ । यो खोप पनि अरु खोपहरु लगाएको बेलमा लगाउनुपर्छ । यो खोपले बच्चालाई ठूलो भएपछि कलेजोमा लाग्न सक्ने हेपाटाइटिस-बी को रोगबाट बचाउँछ ।

## आमालाई धनुष्टंकार (टिटानस) को सुई लगाउन आवश्यक छ कि छैन ?

सबै गर्भवती वा बच्चा पाउने उमेरका महिलाहरुले धनुष्टंकार (टिटानस) विरुद्धको खोप लगाउनुपर्दछ । धनुष्टंकार रोग फोहोर ठाउँमा सुत्केरी गराउँदा आमा र बच्चा दुवैलाई लाग्न सक्दछ भने फोहोर वा खिया लागेको औजारले बच्चाको नाल काटेमा वा नालको घाउ सफा नराखेमा नवजात शिशुलाई धनुष्टंकार रोग लाग्न सक्छ । धुनष्टंकार एक खतरनाक रोग हो । यो रोग लागेका आमा तथा नवजात शिशुको कष्टकर रुपमा मृत्यु हुन्छ ।

## अटो डिसेबल (Auto Disable) सिरिन्ज भनेको के हो ?

यो एउटा नयाँ प्रविधिको सुरक्षित सुई हो । यो सुई एकपटक प्रयोग गरेपछि फेरि अर्कोपटक प्रयोग गर्न सकिँदैन । यसलाई पुरानो सुईलाई जस्तो पानीमा उमालेर घरीघरी प्रयोग गर्न पनि मिल्दैन । यो सूई एकैपटक मात्र प्रयोग गर्न मिल्ने हुनाले यसले अरु किसिमका सरुवा रोगहरु लाग्नबाट समेत बचाउँछ र संक्रमण हुने जोखिम पनि घटाउँछ । श्री ५ को सरकारले आजभोलि जुनसुकै खोप लगाउँदा पनि यस्तै सुई प्रयोग गर्ने नीति लिएको छ ।

### खोप तालिका

| कुन खोप लगाउने ? | कहिले लगाउने ? | यसले कुन-कु रोगबाट बचाउँछ ? |
|---|---|---|
| बि.सि.जी. | बच्चा जन्मने बित्तिकै वा जन्मेको एक बर्षभित्र | क्षयरोगविरुद्ध |
| डि.पि.टी हेपाटाइटिस-बी र पोलियो | ६ हप्ता (डेढ महिना) को उमेरमा (पहिलो मात्रा) | डि.पि.टी.: भ्यागुते रोग, लहरे खोकी र धनुष्टंकारविरुद्ध पोलियो: पोलिया रोगविरुद्ध हेपाटाइटिस-बी: हेपाटाइटिस-बीविरुद्ध |
| | १० हप्ता (अढाइ महिना) को उमेरमा (दोस्रो मात्रा) | |
| | १४ हप्ता (साढे तीन महिना) को उमेरमा (तेस्रो मात्रा) | |
| दादुरा खोप | ९ महिनाको उमेर पूरा भएपछि | दादुरा विरुद्ध |


**आम्दा-नेपाल**

पो.ब.नं.: ८९०९, जोरपाटी-४, काठमाडौं

फोन नं.: ४४८७२३५/४४७७१४०

फ्याक्स: +९७७-०१-४४७७१४१

इ-मेल: amda@healthnet.org.np

वेभ: www.amda.org.np


बच्चालाई जन्मेको १ बर्षभित्रै सबै खोप लगाई मात्र पूरा गरौं ।
विभिन्न सरुवा रोग लाग्नबाट बचाऔं ।